श्री ५ को सरकार

# उद्योग तथा वाणिज्य मन्त्रालयको

## सूचना

नेपाल कारखाना र कारखानामा काम गर्ने मजदूरसम्बन्धी ऐन, २०१६ (संशोधनहरू सहित)को दफा ३७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोगगरी श्री ५ को सरकारले देहायका तेह्र जिल्लाहरूमा देहायबमोजिम मजदूरको वर्गीकरण अनुसार निम्नतम वेतनदर तोकेको छ ।

| मजदूरको वर्गीकरण | मासिक निम्नतम वेतन रू. |
|---|---|
| १. अदक्ष मजदूर | १५०।– |
| २. अर्धदक्ष मजदूर | १७३।– |
| ३. दक्ष मजदूर | २२८।– |
| ४. उच्च दक्ष मजदूर | ३२०।– |

निम्नतम वेतन लागू हुने जिल्लाहरू

| | | | |
|---|---|---|---|
| १) ईलाम | २) झापा | ३) मोरंग | ४) सुनसरी |
| ५) सप्तरी | ६) धनुषा | ७) बारा | ८) पर्सा |
| ९) मकवानपुर | १०) काठमाडौं | ११) ललितपुर | १२) रूपन्देही |
| १३) बाँके । | | | |

द्रष्टव्यः–

१. मजदूरको वर्गीकरण गर्दा कार्यक्षमता, कामको जोखिमीपन, उत्तरदायित्व इत्यादि आधार मानिनु पर्ने ।

२. महिला र पुरूषले एकै किसिमको काम गरेमा दुबैलाई एकै किसिमको वेतन दिनु पर्ने ।

३. कारखानाका तर्फबाट प्रचलित ऐन कानूनबमोजिम वासस्थानको व्यवस्था हुन नसकेको अवस्थामा वर्गीकरण अनुसार मजदूरले पाउने न्यूनतम वेतनमा दश प्रतिशत थप रकम घर भाडा बापत दिनु पर्ने ।

४. साबिकमा खाई–पाई आएको वेतन वा सुविधाहरू नयाँ न्यूनतम वेतन लागू भएपछि पनि नघटने ।

५. ठेक्का तथा पिस रेटमा काम गर्ने मजदूरहरूका लागि उपर्युक्त न्यूनतम वेतन लागू नहुने तर त्यस्ता मजदूरको वेतन बारे वादविवाद उठेमा कामको औषत एकाई हेरी, सम्बन्धित विभागले नयाँ न्यूनतम वेतन बराबर हुने किसिमको दर तोकी दिन सक्ने ।

६. वेतन भनी तोकिए बाहेकका अन्य रकम र सुविधाहरू वेतनमा समावेश नहुने ।

७. नयाँ स्थापित हुने उद्योगका हकमा श्री ५ को सरकारले आवश्यक संझेमा केही समयको निम्ति न्यूनतम वेतन लागू नहुने भनी छुट दिन सक्नेछ ।

८. नेपाल कारखाना र कारखानामा काम गर्ने मजदूरसम्बन्धी ऐन, २०१६ को दफा ३७ को उप–दफा (२) बमोजिम न्यूनतम दर निर्धारण गरेको सूचना राजपत्रमा प्रकाशित भएको मितिले अढाई महीना नगुज्री लागू हुने छैन ।

आज्ञाले–
शिवनारायण दास
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएकी मात्र लागु हुनेछ।

४९०